# स्थानीय तहमा विनियोजित भएको महिलाहरूलाई सीप विकास तथा क्षमता अभिवृद्धि कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०७८

**(मा· मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत मिति २०७८/ १०/१४)**


प्रदेश सरकार

**सामाजिक विकास मन्त्रालय,**

**बागमती प्रदेश**

हेटौडा, मकवानपुर, नेपाल

## १. महिलाहरुलाई सीप विकास तथा क्षमता अभिवृद्धि कार्यक्रम

| शीर्षक | विवरण |
|---|---|
| **कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय तह** | दोलखा जिल्लाको गौरिशङ्कर गाउँपालिका, वैतेश्वर गाउँपालिका, कालिञ्चोक गाउँपालिका र तामाकोशी गाउँपालिका |
| **उद्देश्य** | १. विपन्न, दलित एवम् आर्थिक सामाजिक रूपमा पछाडि परेका महिलाहरूको सीप विकास गरी उद्यमशिलता अभिवृद्धि गर्ने,<br>२. लक्षित महिलाहरूको आर्थिक तथा सामाजिक सशक्तिकरण गरी आर्थिक रूपमा आत्मनिर्भर बनाउन प्रोत्साहित गर्ने,<br>३. लक्षित महिलाहरूका लागि तालिम दिई स्वरोजगार एवम् रोजगारका लागि योग्य र सक्षम बनाउने। |
| **कार्यक्रम सञ्चालन प्रक्रिया** | १. स्थानीय श्रमबजार र मागको आधारमा तालिमको आवश्यकता पहिचान गर्ने,<br>२. तालिम सञ्चालन हुने स्थान र तालिमको विषय पहिचान गर्ने,<br>३. पहिचान गरिएको तालिमको पाठ्यक्रम, पाठ्ययोजना, पाठ्यसामग्री, समयावधि, श्रोत व्यक्ति/प्रशिक्षकको योग्यता निर्धारण गर्ने,<br>४. निर्धारित तालिम सञ्चालनका लागि गर्नु पर्ने क्रियाकलाप र सो का लागि आवश्यक क्रियाकलापगत अनुमानित बजेट बाँडफाँड गरी स्वीकृत गर्ने,<br>५. क्रियाकलापगत बजेट बाँडफाँड गर्दा नेपाल सरकारवाट स्विकृत कार्य सञ्चालन निर्देशिकामा तोकिएको मापदण्डको पालन गर्नुपर्नेछ ।<br>६. तालिममा सहभागी हुने प्रशिक्षार्थी छनौटका लागि सूचना प्रकाशन/प्रसारण गर्ने<br>७. सूचनाबमोजिम प्राप्त आवेदन सङ्कलन, जाँचबुझ गरी तालिम प्रशिक्षार्थीको छनौट गर्ने,<br>८. तालिम प्रदायक संस्थावाट तालिम सञ्चालन गर्ने भएमा तालिमको विषयगत प्रकृति, श्रोत साधन, कार्य अनुभव र विज्ञ जनशक्तिको उपलब्धतासमेतको आधारमा सार्वजनिक खरिद ऐन, नियमबमोजिम तालिम प्रदायक संस्थाको छनौट गरी स्पष्ट कार्य क्षेत्रगत शर्तहरूसहितको सम्झौता गरी कार्यदिश दिने,<br>९. तालिम प्रदायक संस्थामार्फत तालिम सञ्चालन गर्दा संस्थासँग लागत साझेदारीसमेत गर्न सकिने,<br>१०. संस्थाको साझेदारीमा तालिम सञ्चालन गर्ने भएमा प्रचलित कानुनबमोजिम छनौट भएको तालिम प्रदायक संस्थाले स्थानीय तहसँग भएको सम्झौता र कार्यक्षेत्रगत शर्तहरूबमोजिम तालिम सञ्चालन गर्नु पर्नेछः<br>११. स्थानीय तहले नै तालिम सञ्चालन गर्ने भएमा ;<br>(क) तालिम सामग्री, औजार उपकरण र कच्चा पदार्थलगायत आवश्यक सामग्रीको प्रवन्ध गर्ने,<br>(ख) गाउँपालिकाद्वारा निर्धारित योग्यता पुगेका सहजकर्ता/श्रोतव्यक्ति/प्रशिक्षक चयन गर्ने,<br>(ग) गाउँपालिकाबाट छनौट भएका प्रशिक्षार्थीहरूका लागि तोकिएको स्थानमा तोकिएको विषयको सीप विकास तथा क्षमता अभिवृद्धि तालिम सञ्चालन गर्ने,<br>(घ) गाउँपालिकाद्वारा निर्धारित पाठ्यक्रम तथा पाठ्ययोजनाबमोजिमको सैद्धान्तिक तथा प्रयोगात्मकसहितको तालिम सञ्चालन गर्ने, |

| | |
|---|---|
| | **१२.** तालिम सञ्चालनको नियमित अनुगमन गर्ने,<br>**१३.** समय समयमा आन्तरिक मूल्याङ्कन गर्ने,<br>**१४.** तालिम सम्पन्न भएपश्चात प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र प्रदान गरी सो को अभिलेख राख्ने,<br>**१५.** तालिम कार्यसम्पन्न भएपछि कार्यक्रम प्रगति प्रतिवेदन पेश गर्ने। |
| **कार्यक्रम समन्वय तथा निर्देशक समिति** | स्थानीय तहमा महिलाहरूको सीप विकास तथा क्षमता अभिवृद्धि कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा सञ्चालन गर्न देहायबमोजिमको कार्यक्रम समन्वय तथा निर्देशक समिति रहनेछः<br>१. सम्बन्धित गाउँपालिकाको उपाध्यक्ष -संयोजक<br>२. सम्बन्धित गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत -सदस्य<br>३. सम्बन्धित गाउँपालिकाको सामाजिक विकास समितिको संयोजक - सदस्य<br>४. सम्बन्धित गाउँपालिका वा जिल्लामा महिला अधिकार तथा सशक्तिकरणको क्षेत्रमा कार्यरत मध्येबाट संयोजकले मनोनित गरेको १ जना महिला -सदस्य<br>५. सम्बन्धित स्थानीय तहको महिला तथा बालबालिका शाखा हेर्ने कर्मचारी - सदस्य-सचिव |
| **कार्यक्रम समन्वय तथा निर्देशक समितिको काम, कर्तव्य र अधिकार** | १. लक्षित वर्गका महिलाहरूका लागि स्थानीय माग, व्यवसाय गर्न सक्ने क्षमता र सम्भाव्यता तथा सम्बन्धित क्षेत्रका लागि अनुकुल हुने गरी आवश्यक पर्ने सीप विकास तथा क्षमता अभिवृद्धिसम्बन्धी तालिमको पहिचान गर्ने,<br>२. सम्बन्धित विषय विज्ञको समन्वयमा तालिमको पाठ्यक्रम तयार गर्ने,<br>३. पहिचान गरिएका तालिम कार्यक्रममा सहभागी हुने महिलाहरू छनौटको मापदण्ड र विधि तयार गरी सोही आधारमा पारदर्शी ढङ्गबाट तालिममा सहभागी हुने प्रशिक्षार्थीको छनौट गर्ने,<br>४. विपन्न, दलित, लोपोन्मुख, अति सीमान्तकृत एवम् सीमान्तकृत वर्गका महिला तथा आर्थिक एवम् सामाजिक रूपमा पछाडि परेका महिलालाई प्राथमिकता दिई सम्बन्धित महिलाको माग र आवश्यकतालाईसमेत मध्यनजर गरी सहभागीको छनौट गर्ने<br>५. तालिम कार्यक्रमको नियमित अनुगमन गरी आवश्यक पृष्ठपोषण दिने,<br>६. तालिम कार्यक्रमको समग्र प्रतिवेदन तयार गरी सामाजिक विकास मन्त्रालयमा पठाउने,<br>७. कार्यक्रम सञ्चालन स्थानीय तह स्वयंले वा तालिम प्रदायक निकायको साझेदारीमा गर्ने भन्ने निर्धारण गरी संस्थाको साझेदारीमा गर्ने भए प्रचलित कानुनबमोजिम छनौट प्रक्रिया पूरा गरी संस्था छनौट गर्ने। |
| **बजेट बाँडफाँड र स्वीकृती** | प्रचलित नियमानुसार कार्यक्रम तथा बजेट बाँडफाँड स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। |
| **खर्च, लेखा र लेखापरीक्षणः** | १. कार्यक्रम संचालनका लागि विनियोजित बजेट रकम खर्च गर्दा प्रचलित सार्वजनिक खरिद कानुन, आर्थिक कार्यविधि कानुन तथा कार्यसंचालन निर्देशिकाको अधिनमा रही गर्नु पर्नेछ ।<br>२. प्रचलित लेखा प्रणाली बमोजिम पारदर्शी ढंगबाट खर्चको लेखा राख्नु पर्नेछ ।<br>३. कार्यक्रमको लेखा परीक्षण प्रचलित कानुन बमोजिम हुनेछ । |
| **अनुगमन र मुल्याङ्कन सूचक** | ➢ कार्यक्रमको प्रतिवेदन<br>➢ निर्धारित पाठ्यक्रम<br>➢ प्रशिक्षार्थी महिलाहरूको विवरण तथा हाजिरी रेकर्ड<br>➢ कार्यक्रमसँग सम्बन्धित खर्चको विवरण तथा विलभरपाई |
| **प्रतिवेदन** | तालिम कार्यक्रमको प्रगति प्रतिवेदन तयार गरी सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्नेछ |